विश्वसनीयता प्रदान गर्दै | सक्रिय तथा लोकप्रिय संचार माध्यम | todayejor.com

# टुडेइजोर

Todat Ejor Nation Daily/ राष्ट्रिय दैनिक

वर्ष ३ | अंक २९० | २०८२ माघ १५ गते बिहीवार( Thursday , January 29, 2026) | पृष्ठ सख्या : ४ | मुल्य रु. ५

## बारामा आमा, छोराको हत्या प्रकरण : तालिम प्राप्त कुकुरबाट अनुसन्धान सुरु



५५ वर्षीय जगरुप मण्डल घरको तस्बिर

इजोर संवाददाता

बारा जिल्लाको परवानीपुर गाउँपालिका-१,रहरियाडिह गाउँमा मध्य राति भएको साङ्घातिक आक्रमणमा आमा-छोराको ज्यान गएको छ भने परिवारका अन्य तीन सदस्य गम्भीर घाइते भएका छन्। शान्त गाउँमा भएको यो घटनाले स्थानीय वासी स्तब्ध बनेका छन्।जिल्ला प्रहरी कार्या( लय बाराका अनुसार मृत्यु हुनेमा ५२ वर्षीया सुमित्रा देवी मण्डल र उनका २४ वर्षीय छोरा रामेश्वर मण्डल रहेका छन्। अज्ञात समूह घरभित्रै प्रवेश गरी धारिलो हतियार प्रहार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । घटनामा परी ५५ वर्षीय जगरुप मण्डल र २० वर्षीया रिना कुमारी मण्डल गम्भीर घाइते भएका छन्। उनीहरूको परवानीपुर स्थित एलाएस। न्यूरो अस्पतालमा उपचार भइरहेको छ। चिकित्सकहरूले घाइतेहरूको अवस्था नाजुक रहेको बताएका छन्।प्रहरी नायब उपरीक्षक (डीएसपी) विजयराज पाण्डे का अनुसार घटनालगत्तै प्रहरी टोली परिचालन गरिएको थियो। “घटनास्थल सुरक्षित राखेर प्रमाण संकलन गरिएको छ। अपराधीको खोजीका लागि तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको छ,” उनले जानकारी दिए।स्थानीय बासिन्दाका अनुसार घटना रातिको समयमा भएको थियो। घर वरिपरि अन्धकार रहेका कारण आक्रमणकारीको पहिचान हुन नसकेको बताइन्छ। घटना थाहा पाएपछि छिमेकीहले प्रहरीलाई खबर गरेका थिए।प्रहरीले घटनास्थलबाट केही महत्वपूर्ण वस्तुहरू फेला पारेको जनाएको छ। मृतकका आफन्त र स्थानीयसँग सोधपुछ भइरह( `को छ भने हत्यामा संलग्नको पहिचान र पक्राउका लागि अनुसन्धान तीव्र बनाइएको प्रहरीले जनाएको छ।घटनापछि रहरियाडिह गाउँ शोकमग्न बनेको छ। प्रहरीले शंकास्पद गतिविधि वा जानकारी भए तुरुन्त प्रहरील( ाई खबर गर्न सर्वसाधारणसँग अनुरोध गरेको छ।


धनगढीमाई नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

धनगढी, सिरहा, नेपाल

पोखरी ठेका बन्दोवस्त सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति २०८२/१०/१५)

(राजश्व उप–शाखा)

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जो जे अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०८२/०८३ देखी २०८४/८५ असार मसान्त सम्मको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेका बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही निम्न अनुसार रहेको पोखरीहरुको शिलबन्दी दरभाउपत्र पेश गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ तथा रकम र सरकारी ठेका बन्दोबस्त ऐन २०२० तथा यस नगरपालिकाको आर्थीक ऐन २०८२ को दफा ४ को उपदफा ३ बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तनामा**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व उप-शाखाबाट रु.१०००।-को (पछि फिर्ता नहुने गरी) रसिद तिरेर दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउ पत्र आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोहौं दिन दिनको १२ बजेसम्म दरभाउ पत्र पेश गर्नेको नाम, ठेगाना र सम्पर्क नं. तथा आफूले ठेका लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउदा शिलबन्दी निवेदन सँग आफूले कबोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस धनगढीमाई नगरपालिकाको धरौटी खाता नं.२६४०२४७७०२८०००१२ कुमारी बैंक धनगढी शाखा, सिरहामा जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. दर्ता भएका दरभाउ पत्रहरु शर्त नं. २ मा उल्लेखित भएको दिनको २ बजे सम्बन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ तर निजको प्रतिनिधि उपस्थिति नभए पनि खोल्न बाधा पर्ने छैन।

४. दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु सार्वजनिक बिदाको भोलि पल्ट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेका लिन पाउने छैन कुनै कारण वश त्यस्ता व्यक्तिको ठेका स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेका बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

६. ठेका स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी गराइने छ।साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. ठेका स्वीकृत भए पश्चात रकम बुझाउदा सम्बन्धित व्यक्तिले २ किस्तामा रकम बुझाउन सकिनेछ।किस्ता रकम बुझाउदा प्रथम किस्ता कबोल अंकको ५० प्रतिशत चलनपूर्जी लिनु अगावै र दोस्रो किस्ता आ.व.२०८३/८४ को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ।उक्त समय भित्र नबुझाए ठेका बदर गरी पोखरीमा रहेको माछा/ धरौटी जफत गरी कार्यालयले पुन अर्को ठेका बन्दोबस्त गर्ने छ।साथै दोस्रो किस्ता बापत हुने रकम बराबरको कम्तिमा ३७ महिना अवधि भएको बैंक ग्यारेन्टी बुझाउनु पर्ने।

८. रित नपगेको तथा म्याद नाघी आएको दरभाउ पत्र उपर कनै कारवाही हने छैन।

९. दररेट भर्दा मूल्य अभिवृद्धि कर(VAT) बाहेकको दररेट भर्नु पर्नेछ।

१०. पोखरीको संरचना आफूखुसी बिगारेमा वा पोखरीमा बिषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेका लिने व्यक्तिबाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

११. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१२. उपरोक्त लेखिए बाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

**पोखरीको विवरण**

| क्र.स. | ठेका नं. | पोखरीको नाम | ठेगाना | न्युनतम ठेका रकम | पोखरीको पानीको क्षेत्रफल | कै |
|---|---|---|---|---|---|---|
| १ | DH-MUN-03-082-083 | संयुक्त पोखरी बाखर | धनगढीमाई न.पा. १ | ३,८५,५००/- | १ विघा १५ कट्ठा | |
| २ | DH-MUN-05-082-083 | मेदनीपुर पोखरी | धनगढीमाई न.पा.१ | ६६,०००/- | ६ कट्ठा | |
| ३ | DH-MUN-07-082-083 | करचीवारी पोखरी | धनगढीमाई न.पा.१ | ७७,०००/- | ७ कट्ठा | |
| ४ | DH-MUN-08-082-083 | गडही पोखरी भवानीपुर | धनगढीमाई न.पा.२ | ८८,०००/- | ८ कट्ठा | |
| ५ | DH-MUN-14-082-083 | देवी टोकी पोखरी | धनगढीमाई न.पा.७ | २,२०,०००/- | १ विघा | |
| ६ | DH-MUN-15-082-083 | गर्जेबाँध सानो पोखरी | धनगढीमाई न.पा.८ | २,८०,०००/- | १ विघा १५ कट्ठा | |
| ७ | DH-MUN-16-082-083 | जोगीयावाला टोलको पोखरी | धनगढीमाई न.पा.८ | ४८,०००/- | ६ कट्ठा | |
| ८ | DH-MUN-17-082-083 | चैनपुर पोखरी | धनगढीमाई न.पा.९ | २४०००/- | ३ कट्ठा | |

प्रमुख प्रशासकीय अधिकृत